सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा.श्री नहकुल सुवेदी
माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

आदेश

०८०-RE-०१३१

विषयः- बेरितको आदेश बदर गरिपाऊँ।

विनोदप्रसाद साहको जाहेरीले वादी नेपाल सरकार ................................. निवेदक

विरुद्ध

मदन मोहन साह भन्ने मदन मोहन व्याहुत सुडीसमेत................................. विपक्षी

मुद्दाः कर्तव्य ज्यान।

यसमा निवेदन तथा कैफियत प्रतिवेदन सहितको मिसिल अध्ययन गरी निवेदक नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उप-न्यायाधिवक्ता श्री कल्पना राई तथा जाहेरवालाको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री दिनेश त्रिपाठी र विद्वान् अधिवक्ताहरु श्री दिपेन्द्र झा, श्री अजय कुमार पटेल, श्री मोहना अन्सारी, श्री विष्णु पोखरेल, श्री स्वागत नेपाल, श्री रवि नायक, श्री हरेन्द्र राय यादव, श्री बर्षा कुमारी झा, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री राम कुमार महतो, श्री कस्तुरी जयसवाल, श्री तुलसीराम पोखरेल, श्री हरिओम तिमिल्सिना, श्री यज्ञप्रसाद अधिकारी, श्री त्रिलोक बहादुर चन्द, श्री पुरुषोत्तम प्रसाद लोहनी, श्री ज्ञानेन्द्र राज आरण, श्री सन्जिव वास्तोला, श्री आन्नद कुमार गुप्ता, डा. श्री सुनिल रन्जन सिंह, श्री सरिता थापा, श्री रादिका चम्लागाई, श्री सुदिप्ति सुवेदी, श्री ईन्द्र प्रसाद अर्याल, श्री लक्ष्मी रेग्मी, डा. श्री जयमंगल प्रसाद तथा प्रतिरक्षाको लागि उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री दिपक कुमार लम्साल र श्री शिवाली जोशी भण्डारीले गर्नुभएको बहससमेत सुनियो।

यसमा प्रतिवादी मोती बाबु साहको हकमा विचार गर्दा, मृतक आरती साह र यी प्रतिवादी पति पत्नी रहेको देखिन्छ। मृतक आरती साह मिति २०८०।२।७ गते आफ्नै कोठामा झुण्डिई मरेको अवस्थामा फेला परेकोमा जाहेरवाला बिनोद प्रसाद साहले जाहेरी दिंदा यी प्रतिवादीले कर्तव्य गरी मारेको भनी किटानी पोल गरेको देखिन्छ। यी प्रतिवादीले बयान गर्दा आफूले कर्तव्य गरी मारेकोमा इन्कार रहेको देखिएको र शव परिक्षण प्रतिवेदनबाट मृतकको मृत्युको कारण hanging भनी उल्लेख भएको देखिएको भए

पनि प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मृतकसँग पहिल्यै देखि झगडा हुने गरेको र वारदातको दिन ३।४ थप्पड हानेको हो भनी बयान गरेको देखिन्छ। निज प्रतिवादीको उक्त बयान व्यहोरा लाश जाँच मुचुल्का हुँदा बायाँ आँखी भौको तल गालामा कालो रातो डाम देखिएको र बायाँ कानको छेउमा रातो डाम देखिएकोबाट समर्थित भइरहेको देखिन्छ। मृतकको शव परिक्षण प्रतिवेदनबाट पनि मृतकको देब्रे हातको ३।४ वटा चुरा फुटेको र देब्रे गालामा ante mortem bruises रहेको देखिन्छ। साथै मौकामा कागज गर्ने दिपेन्द्र साह र अरुण कुमार साहले कागज गर्दा प्रतिवादीले मृतकलाई पहिल्यै देखि शारिरीक तथा मानसिक यातना दिने गरेको र एकपटक आफूहरु समेत भई प्रतिवादी मोतीबाबु साहलाई सम्झाउन गई सम्झाएको हो भन्ने व्यहोरा लेखाएको देखिन्छ। मौकामा कागज गर्ने प्रदिप कुमार साह, शंकर कुमार साह र दिलिप कुमार यादवले पनि मृतकलाई प्रतिवादीले कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्ने व्यहोरा लेखाएको देखिन्छ। शव परिक्षण प्रतिवेदनमा मृत्युको कारणमा hanging (possible suicidal in nature ) भनी उल्लेख भएकोमा सोही प्रतिवेदनमा hyoid bone thyroid cartlage intact भनी उल्लेख भएकोबाट hanging भन्ने चिकित्सकको राय पछि थप परीक्षणबाट पुष्टि नभएसम्म अकाट्य प्रमाणको रुपमा ग्रहण गर्न नसकिने अवस्था छ। शव परिक्षण प्रतिवेदनमा suicidal in nature भनी उल्लेख भएको विषयलाई लिएर नेपाल मेडिकल काउन्सिलबाट छानबिन हुँदा सोही काउन्सिलको च.नं. १४७/०८०/०८४ मिति २०८०।०५।०३ को पत्रबाट त्यस्तो उल्लेखन त्रुटीपूर्ण रहेको भन्ने देखिएको छ। घटनास्थल मुचुल्काबाट घटना भएको कोठामा भुइ देखि छतसम्म १० फिट र पलङको सतह देखि सिलिङ फ्यानको उचाई ७ फिट ५ इन्च रहेको देखिएकोमा मृतकले झुण्डिने प्रयोजनको लागी कुनै टुल, मेच वा अन्य वस्तु प्रयोग गरेको भन्ने पनि देखिँदैन। यी उल्लिखित तत्काल प्राप्त प्रमाणहरुको रोहमा विचार गर्दा मृतकको मृत्यु प्रतिवादी मोतीबाबु साहको कर्तव्यबाट भएको रहेछ भनी विश्वास गर्नु पर्ने अवस्था देखिंदा निजलाई मुद्दाको पुर्पक्षको लागी साधारण तारेखमा राख्ने गरी उच्च अदालत जनकपुरबाट मिति २०८०।०६।१८ मा भएको आदेश बेरितको देखिंदा बदर गरी दिएको छ। अब निज प्रतिवादीका हकमा पछि बुझीएका प्रमाणबाट ठहरे बमोजिम हुने गरी प्रस्तुत मुद्दाको किनारा नलागेसम्म मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ (१) (क) बमोजिम मुद्दाको पुर्पक्षको लागी थुनामा राखी कानूनबमोजिम गर्नु।

अर्को प्रतिवादी मदन मोहन साह भन्ने मदन मोहन ब्याहुत सुडीको हकमा मुद्दाको पुर्पक्षको लागि थुना मै राख्नु पर्ने सम्मको अवस्था नदेखिंदा रु.१,००,०००।- (एक

लाख) रुपैंया नगद धरौट वा सो बराबरको जेथा वा बैङ्क जमानत लिई मुद्दाको पुर्पक्षको लागि थुनामा राख्नु। सो बमोजिमको नगद धरौटी वा जमानत दिन नसके थुनामा राखी कानून बमोजिम गर्नु।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८० साल मंसिर २० गते रोज ४ शुभम् ............................................।